BRITISH COUNCIL · TASKOVSKI FILMS LTD. · Nepali Female Filmmakers · PAME · Government of Nepal, Ministry of Communication and Information Technology, FILM DEVELOPMENT BOARD

जेण्डर फिल्म्स, #डक्स् कनेक्ट

TASKOVSKI
FILM #docs connect
TRAINING

# महिला चलचित्र निर्माताका लागि खुला आह्वान

११ जनवरी २०२२

## परिचय

ब्रिटिश काउन्सिल नेपाल र तास्कोभ्स्की फिल्म ट्रेनिङको #डक्स कनेक्टले चलचित्र निर्माताहरुका लागि एउटा उत्साहप्रद पेशागत विकासको अवसर दिँदै छन्। नेपाली फिमेल फिल्ममेकर्स र पामे चलचित्र तथा संगीत उत्सवसँगको सहकार्यमा हामीले तालिम, अग्रजबाट सल्लाह, र बेलायतका यो क्षेत्रका अग्रणी मानिसहरुसँग सम्पर्क विस्तार गर्ने अवसर दिँदैछौं। यो अवसर ब्रिटिश काउन्सिल नेपालको जेण्डर फिल्म्स कार्यक्रम अन्तर्गत पर्दछ, जसले चलचित्र क्षेत्रमा महिलाको आवाज र अभिकर्तृत्वलाई सहयोग गर्ने उद्देश्य राखेको छ। यसलाई चलचित्र विकास बोर्डले सहयोग गरेको छ।
पाँच (५) जना चलचित्र निर्माताले शेफिल्ड डकुमेण्ट्री फिल्म फेस्टिभल (डकफेस्ट)२०२२ मा सहभागी भएर आफ्नो वृत्तचित्र प्रदर्शन गर्ने अवसर पाउनेछन्। चुनिएका चलचित्र निर्माताले फेस्टिभल भन्दा अगाडि देखि नै राष्ट्रिय तया अन्तर्राष्ट्रिय विज्ञहरुसँग मिलेर त्यसका लागि तयारी गर्नेछन्। आवेदकहरुले विकासक्रमको अन्तिम चरणमा पुगेको वा निर्माण पछिको चरणमा रहेको वा भर्खरै बनिसकेको तर प्रदर्शन नगरिएको चलचित्रका साथ आवेदन दिनु पर्ने हुन्छ।

निवेदन दिनका लागि तलको लिंकमा राखिएको फारम भर्नुहोस्। आवेदन फारममा तपाईंले अद्यावधिक सिभी अर्थात पेशागत विवरण लेखिएको दस्तावेज र चलचित्रको बारेमा विवरण अपलोड गर्नुपर्ने हुन्छ। आह्वान र फारम अंग्रेजीमा पनि उपलब्ध छ।

निवेदन बुझाउने अन्तिम म्याद १२ फेब्रुअरी २०२२ मा नेपाली समयको ११:५९ बजे राती हो।

कुनै प्रश्न भएमा arts@britishcouncil.org.np मा इमेल गर्नुहोला।

फारम लिंक

https://forms.gle/CBzSikziNhaAjHxp8

## कार्यक्रम विवरण

कार्यक्रममा सन् २०२२ को फेब्रुअरीदेखि मे महिनासम्म भर्चुअल वा सहभागी आफैँ उपस्थित हुनुपर्ने किसिमका सत्रहरु हुनेछन्। ती मध्ये सहजीकरण गरिएका सत्र, एक जनाले सल्लाह दिने सत्र, र मार्च २०२२ मा गरिने एउटा कार्यशाला पनि रहनेछन्। सहभागी चलचित्र निर्माताले सन् २०२२ को जुन महिनामा हुने शेफिल्ड डकुमेण्ट्रि फिल्म फेस्टिभलमा तत् स्थानमै गएर सहभागी हुने अपेक्षा राखिएको छ।*

तालिम कार्यक्रमले सहभागीहरुको विचार प्रस्तुतीकरण (पिचिङ) गर्ने क्षमता अभिवृद्धी गर्न सघाउने छ। अग्रजसँगको सल्लाह सत्र अन्तर्गत पेशागत विकासका विभिन्न विषय समावेश गरिने छ, परियोजनाको प्रस्तुतीकरणमा सहयोग गरिने छ, प्रचार सामग्री उत्पादन गर्न र प्रत्येक परियोजनाका लागि छुट्टै बजार र वितरण रणनीति विकास गर्न मार्गनिर्देशन दिइनेछ। डकफेस्टमा सहभागीहरुले बेलायतका अरु चलचित्र निर्माता, फेस्टिभल प्रतिनिधि र कोषका प्रतिनिधिसँग सम्पर्क विस्तार गर्न सक्नेछन्।

निवेदनहरुका आधारमा निर्णायक समूहले सहभागी चुन्नेछन्। निर्णायकहरुले आवेदकको पृष्ठभूमी, कामको अनुभव, र पेश गरिएको परियोजनाको गुणस्तर, सान्दर्भिकता र उद्देश्यलाई ध्यानमा राखेर निर्णय गर्नेछन्। लघुसूचीमा परेका चलचित्र निर्मातालाई १४ फेब्रुअरी २०२२ को हप्तामा अन्तर्वार्ताका लागि बोलाइन सक्छ।

आफ्नो काम र सीपप्रति निष्ठा देखाउने र नेपाली चलचित्र उद्योग र त्यसमा विविध लैंगिकता भएका मानिसको विकासमा थप योगदान दिन उत्सुक आवेदकलाई प्राथमिकता दिइने छ। अल्पसंख्यक र सीमान्तीकृत समुदायका मानिसलाई आवेदन दिन प्रोत्साहित गरिन्छ।

**डकफेस्ट मा सहभागी हुनका लगि ४ रात र ५ दिनको अन्तर्राष्ट्रिय यात्रा गर्नुपर्ने छ। यात्रा र कार्यक्रमको प्रकार कोभिड १९ सम्बन्धित परिस्थितिमा निर्भर गर्ने छ।*

## योग्यता

निवेदन दिनु अघि धेरै सोधिने प्रश्नहरुको उत्तर दिइएको दस्तावेज पढ्नुहोला। योग्यताका मापदण्ड यस प्रकार छन्:

- निवदेन दिने समयमा उमेर कम्तिमा १९ वर्ष हुनुपर्छ
- पेश गर्ने चलचित्र काल्पनिक नभएर वास्तविक कथामा आधारित हुनुपर्छ
- आवेदक नेपाली वा बेलायतमा बस्ने नेपाली मूलको हुनुपर्छ
- पेश गरिएको पटकथा/अवधारणा आफ्नै हुनुपर्छ, वा त्यसको लेखक अर्कै भए निवेदकको त्यो चलचित्र बनाउने अधिकार हुनुपर्छ
- चलचित्र निर्माणको अनुभव हुनुपर्छ। चलचित्र निर्माणमा कुनै पेशागत संलग्नता छ भने आवेदनमा डिजिटिली हेर्नका लागि लिंक सहित त्यसमाथि प्रकाश पार्नु पर्छ
- सबै भर्चुअल सत्र, मार्च महिनामा हुने थुप्रै दिनको कार्यशाला, र जुन महिनामा शेफिल्ड डकफेस्टमा जानका लागि ४ रात ५ दिनको यात्रा सहित सम्पूर्ण कार्यक्रमका लागि निवेदक उपलब्ध हुनुपर्छ। कार्यशालाको मिती चुनिएका सहभागिहरुसँग मिलेर तोकिने छ।
- सल्लाह सत्र र भर्चुअल सत्रहरुका लागि निवेदकसँग इन्टर्नेट जडान हुनुपर्छ।

## धेरै सोधिने प्रश्न

### यो कस्तो अवसर हो? कति जना मानिस छानिनेछन्?

हामीले पाँच जना चलचित्र निर्मातालाई सन् २०२२ को जुन महिनामा हुने शेफिल्ड डकुमेण्ट्रि फेस्टिभलमा सहभागी हुनु भन्दा अगाडि सीप विकास गर्ने अवसर दिँदैछौं। छानिएका सहभागीले तालिम, अग्रजको सल्लाह र फेस्टिभलमा सहभागिताको अवसर पाउनेछन्।

### शेफिल्ड डकफेस्ट के हो?

शेफिल्ड डकफेस्ट बेलायतको अग्रणी वृत्तचित्र महोत्सव हो र वृत्तचित्रका लागि संसारकै प्रभावशाली बजार हो। हामीले प्रत्येक वर्षको जुन महिनामा जीवन्त शहर शेफिल्डमा वृत्तचित्रका विविध प्रकार – चलचित्र, टेलिभिजन, गहिराईमा जाने, कलात्मक - आदिको प्रवर्द्धन र प्रदर्शन गर्छौं। सन् २०२२ मा २३-२८ जुनमा शेफिल्ड डकफेस्ट हुँदैछ।

### के यो अवसर सबै चलचित्र निर्माताका लागि हो?

यो अवसर गैर काल्पनिक कथामा आधारित फिचर-लम्बाईका चलचित्र र त्यस्ता चलचित्रमा काम गर्ने निर्माता र निर्देशकका लागि हो।

### छानिएका सहभागीले के कस्ता सुविधा पाउँछन्?

सहभागिता अन्तर्गत तालिम कार्यक्रममा सहभागी हुन, विज्ञहरुसँग व्यक्तिगत रुपमा सल्लाह लिन, अन्तर्राष्ट्रिय यात्रा गर्न, खाना खान, र लण्डन र शेफिल्डबीचको यात्रा गर्नका लागि आवश्यक रकम, शेफिल्ड डकुमेण्ट्रि फिल्म फेस्टिभलमा भाग लिनका लागि आवश्यक भिसा शुल्क, र थोरै भत्ता पर्दछन्।

### सहभागीहरुले के गर्नुपर्ने हुन्छ?

चुनिएका सहभागीले भर्चुअल वा आफैं उपस्थित हुनुपर्ने सबै तालिम/सल्लाह सत्रमा भाग लिन प्रतिबद्ध हुनुपर्छ। केही हप्ताका भित्रमा थुप्रैवटा छोटो (३० मिनेट) वा लामो (आधा दिनको) सत्र हुन सक्छन्। सन् २०२२ को फेब्रुअरी र मे महिनाका बीचमा यी सत्र आयोजना गरिनेछन्।

शेफिल्ड डकफेस्टमा सहभागीहरुले आफ्नो फिल्म पोर्टफोलियो र परियोजनाहरु अरु चलचित्र निर्माता, र फेस्टिभल र कोषका प्रतिनिधिहरुलाई देखाउने अवसर पनि पाउँछन्। चार दिनको डकफेस्टमा उपस्थित हुनलाई सहभागीले ४ रात र ५ दिनको यात्रा गर्नुपर्नेछ।

### यो अवसरका आयोजक र साझेदारहरुले के उपलब्ध गर्ने अपेक्षा गरेका छन्?

यो अवसरका माध्यमबाट हामीले वृत्तचित्रमा महिलाको आवाज र अभिकर्तृत्वलाई सहयोग गर्ने र महिलाहरुको क्षमता बढाउने र मञ्च प्रदान गर्ने आशा राखेका छौं। शेफिल्ड डकफेस्ट जाने हाम्रो टोलीले विज्ञहरुसँग मिलेर तयारी गर्नेछ, र यो सहभागिता सफल बनाउनका लागि सक्दो सहयोग पाउने छ। सहभागीहरुले शेफिल्डमा दीर्घकालीन रुपमा सम्पर्क विस्तार गर्नेछन् र पेशागत अवसर श्रृजना गर्नेछन् भन्ने हाम्रो आशा छ।

## तालिम र सल्लाहका सत्र कसरी दिइनेछन्?

तालिम र सल्लाह जुमबाट दिइनेछन्। सहभागीहरुले कार्यक्रममा भाग लिन आफ्नै इन्टर्नेट जडान गर्नुपर्ने छ।

कार्यक्रममा कुन भाषा प्रयोग गरिने छ?

कार्यक्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहजकर्ता हुनेछन्। प्राथमिक भाषा अंग्रेजी हुने छ, तर अंग्रजीमा पोख्त हुनुपर्छ भन्ने छैन। आवश्यक परेमा अनुवादको सुविधा प्रदान गरिनेछ।

## मेरो चलचित्र कुन चरणमा हुनुपर्छ?

विकासक्रममा निकै अघि बढेका अर्थात पटकथा र निर्माण योजना बनिसकेका तर निर्माण शुरु नभएका, अथवा छायाँकन वा सम्पादन भइरहेका, अथवा बनिसकेका तर प्रदर्शन नगरिएका चलचित्र हुनुपर्नेछ।

के हामी बनिसकेको चलचित्र पेश गर्न सक्छौं? के हामी अरु कसैको पटकथा पेश गर्न सक्छौं?

चलचित्र बनिसकेको छ तर प्रदर्शन गरिएको छैन भने पेश गर्दा हुन्छ। चलचित्र प्रदर्शन भइसकेको छ भने नयाँ परियोजना पेश गर्नुपर्नेछ। अरुको पटकथा पेश गर्ने भए तपाईंसँग त्यसमाथि फिल्म बनाउने अधिकार स्पष्ट रुपमा हुनुपर्छ।

## मैले मेरो आवेदनमा के के राख्नुपर्छ?

परियोजनाको निवेदनमा यी विवरण राख्न नछुटाउनुहोलाः

- परियोजनाको शीर्षक
- चलचित्रमा तपाईंको भूमिका (निर्देशक/निर्माता)
- निवेदकको छोटो परिचय (बढीमा २५० शब्द)
- परियोजनाको विवरण (बढीमा ३०० शब्द)
- लग लाइन (एक वाक्यमा चलचित्रको सारांश) (बढीमा ५० शब्द)
- ट्रिटमेंट (चलचित्रको छोटो खाका) (बढीमा ५०० शब्द)
- परियोजनाका लागि आर्थिक योजना
- उपलब्ध भएमा कुनै सम्बन्धित दृश्य (तस्वीर, भिडियो वा ट्रेलर)को लिंक

## आवेदक नेपाली नागरिक हुनुपर्छ भनिएको छ। यदि मसँग नागरिकताको प्रमाणपत्र छैन भने के गर्ने?

यो अवसर नेपाली र नेपाली मूलका बेलायती बसिन्दाका लागि हो। कतिपय कानुनी परिस्थितिले नागरिकताको प्रमाण लिने कुरालाई प्रभावित पार्न सक्छन् भन्ने हामीले बुझेका छौँ। ब्रिटिश काउन्सिलले प्रत्येक निवेदनलाई योग्यताका आधारमा छनोट गर्ने छ, र लघुसूचीमा परेका निवेदकमा यस्ता समस्या देखिएमा उनीहरुसँग मिलेर यस विषयलाई सम्बोधन गर्नेछ।

## हामीले सामूहिक रुपमा आवेदन दिन मिल्छ?

मिल्छ, तर डकफेस्टमा एउटा परियोजनाका लागि एकजना मात्र प्रतिनिधि सहभागी हुन मिल्छ। निर्देशक/निर्माताको टोली मिलेर आवेदन दिन हामी प्रोत्साहित गर्दछौँ।

## सहभागीहरु कसरी छानिनेछन्? निर्णय गर्नका लागि कस्ता मापदण्ड छन्?

निर्णायक टोलीले प्रत्येक आवेदन फारमको समीक्षा गर्नेछन्। फारममा पेश गरिएको जानकारीका आधारमा निर्णय गरिने छ। निर्णायकहरुले आवेदकको पृष्ठभूमी, अनुभव, पेश गरिएको परियोजनाको रचनात्मकता र सान्दर्भिकता, र निवेदकको उद्देश्यबारेको कथनलाई ध्यानमा राख्नेछन्। सफल निवेदकले आफ्नो पेशागत विकासका साथै यो क्षेत्रमा योगदान पुर्याउनमा प्रतिबद्धता प्रस्तुत गर्नुपर्ने छ।

## कोभिड १९ ले यो कार्यक्रम र मेरो सहभागितालाई कसरी प्रभाव पार्न सक्छ?

पेशेवर मानिसहरुका लागि कोभिड १९ वास्तविकता हो। कार्यक्रमको शुरुवाती चरण पुर्णतया भर्चुअल हुनसक्छ, जसलाई कोभिडले प्रभाव पार्दैन। हामीले शेफिल्डसम्म जाने अन्तर्राष्ट्रिय यात्रा र सहभागिताको व्यवस्थापन गर्नका लागि परिस्थितिमाथि समयानुसार नजर राखिराख्नेछौँ। यात्रा निषेधित भएमा सहभागिता भर्चुअल हुनसक्छ।

## मेरो निवेदन सफल भयो भने मैले कहिले थाहा पाउनेछु?

हामीले १६ फेब्रुअरी २०२२ सम्ममा चुनिएका सहभागीको नाम सार्वजनिक गरिसक्ने अपेक्षा गरेका छौँ।